जि.प्रशा.का.दर्ता नं. १०१/०८०/८१

“निष्पक्ष जनपक्षीय सवालको निर्भीक आवाज”

# संवाहक

राष्ट्रिय दैनिक Samvahak National Daily

**सूचना**

संवाहक राष्ट्रिय दैनिकको लागि स्तरीय लेख, रचना, फिचर, प्रेस विज्ञप्ति, आदि प्रेषित गर्न चाहनु हुन्छ भने कृपया विज्ञापनको लागि फोन नं.: ९८०६८१४३०२ मा प्रेषित गर्नुहोला।

वर्ष : ४ | अंक : ३ | २०८३ साल बैशाख ०५ गते, शनिबार | Saturday, Arp.– 18 2026 | मूल्य रु. ५/- पृष्ठ : ४

## बारामा सीमा “कडाईको हल्ला, भित्रभित्रै तस्करीको खुल्ला खेलको पोल खुल्दै, चकलेट देखि काजुसम्म अवैध कारोबार मौलायो





***संवाहक सम्वादाता-*** *४ बैशाख, कलैया*
बारा/सीमाक्षेत्र – नेपाल-भारत सीमामा अवैध कारोबार रोक्न ‘सीमामा कडाई’ गरिएको दाबी गरिए पनि व्यवहारमा भने तस्करी झन् संगठित रूपमा मौलाउँदै गएको तथ्य बाहिर आएको छ। बेनौली-पिपरपाती नाका, बेलादरी बोर्डर लगायतका क्षेत्र अहिले तस्करका लागि सुरक्षित मार्गजस्तै बनेको भन्दै स्थानीयले गम्भीर चिन्ता व्यक्त गरेका छन्।

स्थानीय स्रोतका अनुसार पिपरपाती नाका हुँदै भारतको बिहारबाट ठूलो मात्रामा चकलेट लगायतका सामग्री मोटरसाइकलमार्फत भित्र्याइने गरेको छ।दैनिक पाँचवटा भारतीय नम्बरका मोटरसाइकल प्रयोग गरी सामान ल्याइने र पचरौता नगरपालिका-स्थित वडा नं ९ कुडवामा रहेको गोदाममा जम्मा गर्ने गरिएको बताइएको छ।

उक्त गोदामबाट सामान सेतो रंगको ना २ च ३८४६ नम्बरको पिकअप भ्यानमा लोड गरी लंगडाचोक, हरनहिया हुँदै गञ्जभावानीपुरतर्फ पठाइने गरेको श्रोतक दाबी छ। दिनमै कम्तीमा तीन पटकसम्म यस्तो ओसारपसार हुने गरेको बताइन्छ, जसले तस्करीको जालो निकै संगठित रहेको संकेत गर्छ।

शुक्रबार मोटरसाइकलको लहरै सीमाबाट प्रवेश गरेको दृश्य देखिएपछि ‘सीमा बन्द’को हल्ला केवल देखावटी भएको भन्दै स्थानीय आक्रोशित बनेका छन्। “सामान्य नागरिकलाई चेकजाँचमा हैरानी, तर तस्करलाई खुल्ला छुट,” भन्ने गुनासो व्यापक रूपमा उठेको छ।

यस अवैध कारोबारमा भारतीय तस्कर अरबिन्द साहको मुख्य लगानी र सक्रियता रहेको स्रोतले जनाएको छ। स्थानीयका अनुसार सुरक्षा निकायलाई पटक-पटक जानकारी गराउँदा पनि समयमै प्रभावकारी कारबाही नहुँदा तस्करहरू झन् हौसिएका छन्।

सूचना माथिल्लो निकायसम्म पुगेपछि सुचना तस्करसँग चुहावट भई कुडवा चोकमा लाखौंको चकलेट र काजु छिपाई केही सामान अन्यत्र सारिएको छ। चकलेटसँगै उच्च मूल्यको बहुमुल्य काजु रामनगर गाउँतर्फ लुकाइएको बताइएको छ, जसले तस्करीको दायरा अझ फराकिलो भएको देखाउँछ।

नेपालको विभिन्न स्थानमा तस्करी गराउदै आएका स्थानिय नामुद कुश्वाहाले यसै कारोबारलाई सक्रीय रुपमा कलैयाको सुमो र हाईस मार्फत काठमाडौ सम्म पर्याउने नेपाली लाईन मिलाउने गरेको श्रोतको दाबी छ। सीमाक्षेत्रमा निगरानी कमजोर हुँदा यस्तो अवैध कारोबार फस्टाएको भन्दै स्थानीयले सम्बन्धित निकायको गम्भीर ध्यानाकर्षण गराएका छन्। उनीहरूले कडाइका साथ अनुगमन, दोषीमाथि कारबाही र पारदर्शी

बाँकी तेस्रो पृष्ठमा

## अनियन्त्रित सहकारीमाथि सरकारको एक्सन, कपाली तमसुक छानबिन हुने

४ बैशाख, काठमाडौँ –
प्रधानमन्त्री बालेन्द्र शाह नेतृत्वको सरकारले सहकारी तथा लघुवित्त क्षेत्रमा देखिएको विकृति, अराजकता र अनियन्त्रित गतिविधि नियन्त्रण गर्न कडा कदम चाल्ने संकेत दिएको छ। सरकार यी संस्थाहरूलाई नेपाल राष्ट्र बैंकको प्रत्यक्ष नियमन तथा सुपरिवेक्षणमा ल्याउने तयारीमा जुटेको छ। राष्ट्रिय मान्यता प्राप्त ६ राजनीतिक दलका घोषणापत्र समेटेर तयार पारिएको १८ बुँदे ‘राष्ट्रिय प्रतिबद्धता’ मस्यौदामा सहकारी र लघुवित्त क्षेत्र सुधारलाई प्राथमिकतामा राखिएको छ, जसले हालसम्म फितलो नियमनमा रहेका गैर-बैंकिङ वित्तीय संस्थाहरूलाई शक्तिशाली नियामक संरचनाभित्र समेट्ने नीति अघि सारेको छ। यसअनुसार सहकारी तथा लघुवित्त संस्थालाई कर्जा सूचना केन्द्रसँग आबद्ध गराई ऋणीको वास्तविक आय र भुक्तानी क्षमताको आधारमा मात्रै कर्जा प्रवाह गर्ने व्यवस्था



गरिनेछ, जसले अनियन्त्रित कर्जा वितरण रोक्दै बढ्दो ऋण संकट न्यूनीकरण गर्ने अपेक्षा गरिएको छ। साथै सहकारी संकटबाट प्रभावित बचतकर्तालाई राहत दिन ‘बचत सुरक्षा कोष’ स्थापना गर्ने योजना अघि सारिएको छ, जसमार्फत प्राथमिकताका आधारमा बचतकर्ताको रकम फिर्ता गरिने र पीडितको लगानी सुरक्षित गरिने सरकारको दाबी छ। त्यस्तै, मिटरब्याज तथा अनुचित लेनदेनलाई आर्थिक अपराधको रूपमा परिभाषित गर्दै विगतका तमसुक तथा कपाली तमसुकहरूको न्यायिक छानबिन गरिनेछ भने पीडितलाई स्थानीय तहबाट निःशुल्क कानुनी सहायता र मनोसामाजिक परामर्श उपलब्ध गराइने व्यवस्था गरिनेछ। कर्जा प्रवाहलाई अनुत्पादक क्षेत्रबाट हटाई उत्पादनशील क्षेत्र, सामूहिक जमानी

बाँकी तेस्रो पृष्ठमा

## भन्सार छल्ने गिरोहविरुद्ध कारबाही : तीन जना अदालतको घेरामा, करोडौँ बिगो माग

***संवाहक सम्वादाता-*** *४ बैशाख, कलैया*
रेडिमेड कपडाको अवैध आयात गरी राजस्व छलिएको घटनामा राजस्व अनुसन्धान कार्यालय पथलैयाले तीन जनाविरुद्ध मुद्दा दायर गरेको छ। अनुसन्धान टुंग्याएपछि कार्यालयले बारा जिल्ला अदालतमा अभियोगपत्र पेश गरेको जनाएको छ।

यस प्रकरणका मुख्य अभियुक्त पर्साको वीरगञ्ज महानगरपालिका-२४ निवासी ५६ वर्षीय दिलिप साह रहेका छन्। उनीमाथि भन्सार प्रक्रिया छल्दै कपडा आयात गरी राज्यलाई ठूलो राजस्व नोक्सानी पुऱ्याएको आरोप छ। कार्यालयका अनुसार साहबाट २ करोड ३६ लाख ८५ हजार ८५१




रुपैयाँ बराबरको बिगो निर्धारण गरिएको छ। सोही रकम जफतसहित शतप्रतिशत जरिवाना र कैद सजायको माग गरिएको छ। घटनामा संलग्न रहेको आरोपमा रौतहट फतुवा विजयपुर-११ का २८ वर्षीय राजु प्रसाद खान र बारा करैयामाई-५ का २५ वर्षीय सन्तोष चौधरीलाई पनि प्रतिवादी बनाइएको छ। अनुसन्धानले उनीहरूले भिसिटीएस (VCTS) प्रणालीको

बाँकी तेस्रो पृष्ठमा

## दुर्घटना न्युनिकरणको लागि वैज्ञानिक उपाय अपनाउन डीआईजी थपलियाको जोड

***संवाहक सम्वादाता-*** *४ बैशाख, कलैया*
बारा – मधेश प्रदेश प्रहरी प्रमुख प्रहरी नायब महानिरीक्षक ( डीआईजी) गोबिन्द थपलियाले सवारी दुर्घटना न्यूनीकरणलाई प्राथमिकतामा राख्दै प्रभावकारी कार्यसम्पादन गर्न मातहतका प्रहरी कर्मचारीलाई निर्देशन दिएका छन्।

शुक्रबार पथलैयास्थित नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालयको अनुगमन तथा निरीक्षणका क्रममा उनले दुर्घटना नियन्त्रणका लागि वैज्ञानिक तथा व्यवहारिक उपाय अपनाउनुपर्ने आवश्यकता औंल्याए। उनले सवारी दुर्घटनाका मूल कारण पहिचान गरी तथ्यमा आधारित रणनीति निर्माण र त्यसको प्रभावकारी कार्यान्वयनमा ध्यान दिन आग्रह गरे।

डीआईजी थपलियाले सेवाग्राहीलाई छिटो, सहज र पारदर्शी सेवा प्रदान गर्नुपर्नेमा जोड दिँदै यसले प्रहरीप्रतिको जनविश्वास बलियो



बनाउने बताए। उनले सडक सुरक्षामा कारबाही मात्र पर्याप्त नहुने स्पष्ट पार्दै जनचेतनामूलक कार्यक्रमलाई प्राथमिकतामा राख्नुपर्ने धारणा व्यक्त गरे।

नागरिक, स्थानीय तह तथा सरोकारवाला निकायसँग सहकार्य गरी सचेतना विस्तार गर्नुपर्नेमा उनले विशेष जोड दिएका छन्। निरीक्षणका क्रममा बारा र पर्सा जिल्लाका ट्राफिक प्रमुख, पोस्ट इन्चार्ज तथा सुरक्षाकर्मीहरूको उपस्थिति रहेको थियो।

कार्यक्रममा कार्यालय प्रमुख प्रहरी उपरीक्षक (एसपी) ज्ञानेन्द्र बस्नेत र प्रहरी नायब उपरीक्षक (डीएसपी) वकिलबहादुर सिंहले प्रदेशको ट्राफिक अवस्था, चुनौती तथा आगामी योजनाबारे प्रस्तुति दिएका थिए।

डीआईजी थपलियाले “सडक सुरक्षामा जनस्तरमै चेतना अभिवृद्धि गर्न सके मात्र दुर्घटना न्यूनीकरणमा उल्लेखनीय उपलब्धि हासिल गर्न सकिन्छ,” भन्दै सामूहिक प्रयास अपरिहार्य रहेको बताएका छन्।

## पथलैयास्थित राजश्व अनुसन्धान कार्यालयमा मध्यराति आगलागी, प्रमुखको कार्यकक्षमा ठूलो क्षति

***संवाहक सम्वादाता-*** *४ बैशाख, कलैया*
जीतपुरसिमरा उप-महानगरपालिका-१ पथलैयास्थित राजश्व अनुसन्धान कार्यालयमा मंगलबार मध्यराति आगलागी हुँदा कार्यालय प्रमुखको कार्यकक्ष पूर्ण रूपमा ध्वस्त भएको छ।

राति करिब १२ बजेतिर लागेको आगोले कार्यालय भवनको दोस्रो तल्लामा रहेको प्रमुख डिल्लीराज लेखकको कार्यकक्षमा व्यापक क्षति पुऱ्याएको प्रहरीले जनाएको छ। प्रारम्भिक अनुसन्धानका आधारमा विद्युत् सर्टका कारण आगलागी भएको अनुमान गरिएको छ।

आगलागीबाट कार्यकक्षभित्र रहेका ल्यापटप, एसी, महत्वपूर्ण कागजात, फर्निचर लगायतका सामग्री जलेर नष्ट भएका छन्। आगो लागेपछि सुरक्षामा खटिएका गार्डहरूले कोठाबाट धुवाँ निस्किएको देखेपछि तत्काल अन्य कर्मचारीलाई जानकारी गराएका थिए। त्यसपछि कर्मचारी र सुरक्षाकर्मीको सक्रियतामा फायर एक्स्टिङ्गुइजर प्रयोग गरी आगो नियन्त्रणमा लिइएको थियो, जसका कारण आगो अन्य कोठामा फैलिनबाट रोकिएको बताइएको छ। कार्यालय प्रमुख डिल्लीराज लेखकले आगलागीबाट कार्यकक्षमा रहेका अधिकांश सामग्रीमा क्षति पुगेको पुष्टि गर्दै क्षतिको विस्तृत विवरण संकलन भइरहेको जानकारी दिएका छन्। आगलागीका कारण केही प्रशासनिक काममा अस्थायी अवरोध आउने सम्भावना पनि रहेको बताइएको छ। जिल्ला प्रहरी कार्यालय बाराका प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक विजयराज पण्डितका अनुसार घटनास्थलको निरीक्षण गरी थप अनुसन्धान अघि बढाइएको छ। साथै, क्षतिको यकिन

बाँकी तेस्रो पृष्ठमा

"सत्य वस्तुत अन्त सम्म नै सत्य नै रहन्छ ।"
- सेक्सपियर


प्रकाशक/सम्पादक
पन्नालाल दास
सम्पर्क नं.:- ९८४५२१७०१९
९८०६८१४३०२

सह-सम्पादक
मुन्ना कुमार

सामाचार सम्पादक
सरोज दास

कानुनी सल्लाहकार
परमहंस केशरी/
श्याम बिहारी कुशवाहा

कम्प्यूटर सेटिङ्ग
म. फरिद

Email: samvahakdaily1@gmail.com
Website: samvahakdaily.com

प्रधान कार्यालय:
कलैया उपमहानगरपालिका
शाखा कार्यालय: कलैया-१, बारा

मुद्रक: शुभ लक्ष्मी अफसेट प्रेस, वीरगंज


## सम्पादकीय .......

# बाराका अवैध क्रसर उद्योगः राज्यकै छायाँमा मौलाएको बेथिति

बारामा अवैध तथा मापदण्डविपरीत सञ्चालन भइरहेका क्रसर उद्योगको अवस्था हेर्दा समस्या केवल नियमनको कमजोरीमा सीमित छैन, यो राज्य संयन्त्रकै असफलताको स्पष्ट उदाहरण बनेको छ। दुई दर्जनभन्दा बढी उद्योग नवीकरणबिनै सञ्चालनमा रहनु, नदीजन्य पदार्थको अन्धाधुन्ध उत्खनन हुनु र त्यसतर्फ जिम्मेवार निकाय मौन बस्नु कुनै संयोग होइन—यो व्यवस्थागत कमजोरी र सम्भावित मिलेमतोको संकेत हो।

महागढीमाईदेखि अमलेखगन्ज, फेटा, प्रसौनी र निजगढ आसपाससम्म फैलिएको यस्तो गतिविधिले नदीको प्राकृतिक बहाव बिगार्दै छ, खोलाको धार परिवर्तन भइरहेको छ र बस्ती तथा खेतीयोग्य जमिन जोखिममा परिरहेका छन्। वर्षायाम नजिकिँदै गर्दा बाढी र कटानको खतरा तीव्र बन्दै गएको छ, तर सरोकारवाला निकायको सक्रियता भने शून्यजस्तै देखिन्छ।


अझ गम्भीर कुरा, यस्ता उद्योगहरूले उत्पादन गर्ने धुलो र प्रदूषणले स्थानीय बासिन्दाको स्वास्थ्यमा दीर्घकालीन असर पारिरहेको छ। वातावरणीय मापदण्डको खुलेआम उल्लंघन हुँदा पनि कारबाही नहुनु राज्यको कानुनी संरचनामाथि नै प्रश्न उठाउने विषय हो। गुणस्तरहीन सामग्री उत्पादन र बजारमा बिक्री वितरणले निर्माण क्षेत्रमै जोखिम थपिएको छ।

अनुगमन समितिको भूमिका झन् शंकास्पद बनेको छ। कागजमा मात्र सीमित अनुगमन, देखावटी निरीक्षण र प्रभावकारी कारबाहीको अभावले अवैध क्रसर उद्योगलाई संरक्षण दिएको आरोप अस्वाभाविक छैन। स्थानीय तह, ठेकेदार र सरोकारवाला निकायबीचको सम्भावित मिलेमतोले यो समस्या झन् जटिल बनाएको देखिन्छ।

राजस्व पक्ष पनि उत्तिकै चिन्ताजनक छ। नवीकरण नगरी सञ्चालन भइरहेका उद्योगहरूले राज्यलाई वार्षिक करोडौँ रुपैयाँ नोक्सानी पुऱ्याइरहेका छन्। यस्तो अवस्थामा सरकारको मौनता केवल लापरवाही होइन, जिम्मेवारीबाट पन्छिने प्रवृत्ति जस्तो देखिन्छ।

कानुनको अभाव होइन, कार्यान्वयनको अभाव हो समस्या। वातावरणीय संरक्षण ऐन, खानी तथा खनिज

# कमजोर जगमा युद्धविराम



इरानसँग अमेरिका र इजरायलको ४० दिनसम्म चलेको युद्धपछि हर्मुज जलमार्गको निर्वाध सञ्चालन सबैभन्दा पेचिलो विषय बनेको छ। रणनीतिक रूपमा अत्यन्तै महत्त्वपूर्ण यो जलमार्ग अवरुद्ध गर्ने इरानी क्षमता नै अहिले इरानको सबभन्दा ठुलो हतियार बनेको छ।



रामप्रसाद आचार्य

कमजोर जगमा अमेरिका र इरानबिच दुई साताका लागि अस्थायी युद्धविराम भएको छ। पश्चिम एसियामा पछिल्ला ४० दिनको यो युद्धले महासङ्कट र महाविनाश निम्तिने अवस्था सिर्जना भएसँगै पाकिस्तानको मध्यस्थतामा अस्थायी युद्धविराम सम्भव भएको हो। युद्धविरामसँगै इरानमा बमबारी रोकिएको छ तर तनाव, त्रास र अनिश्चितता यथावत् छ। अमेरिका र इरान आफ्नै अडानमा अडिग छन्। दुवैले आफ्नो जित भएको दाबी पनि गरेका छन्। परिस्थिति भने अत्यन्तै जटिल र कठिन छ। पाकिस्तानले अर्को चरणको वार्ता गराउने प्रस्ताव अघि सारेको छ। अमेरिकाले इरानमाथि थप दबाब दिन इरानका सबै बन्दरगाहमाथि नाकाबन्दी लगाएको छ।

पाकिस्तानको मध्यस्थतामा इस्लमावादमा भएको दुईदिने शान्ति वार्ताले शुभ सङ्केत दिएन। वार्ता विफल भयो। २१ घण्टासम्म चलेका म्याराथन वार्ताले निकास नदिएसँगै अमेरिका र इरानबिचको दुरी झन् बढेको छ। इरानको इस्लामिक क्रान्तियता ४७ वर्षमा भएको यो उच्चस्तरीय वार्तामा दुवै पक्षले अडान छाडेनन्। पाकिस्तानका प्रधानमन्त्री सेहबाज सरिफले दुवै पक्षलाई मनाउन निकै कोसिस गर्नुभयो तर दुवै पक्ष न्यूनतम सहमति गर्नेतर्फ पनि तयार भएनन्। अब अर्को चरणको वार्ता हुने नहुने टुङ्गो छैन। वार्ता विफल भएको भोलिपल्टदेखि नै अमेरिकाले इरानका सबै बन्दरगाहमा नाकाबन्दी लगाएको छ। यसले परिस्थितिलाई अरू जटिल र कठिन बनाएको छ। इराने यो नाकाबन्दीसामु नझुक्ने बताएको छ। पाकिस्तानको राजधानी इस्लामाबादमा कडा सुरक्षाबिच अप्रिल ११ र १२ (शनिबार र आइतबार) मा २१ घण्टासम्म दुवै वार्ता टोलीबिच म्याराथन छलफल भयो। छलफल निष्कर्षमा पुग्न नसकेपछि दुवै देशका वार्ता टोली रित्तो हात स्वदेश फर्के। अमेरिकी वार्ता टोलीको नेतृत्व उपराष्ट्रपति जेडी भान्सले र इरानी वार्ता टोलीको नेतृत्व सभामुख मोहम्मद बाकर कलिबाफले गर्नुभएको थियो। मूलतः वार्तामा वासिङ्टनले तेहरानसँग आणविक हतियार विकास नगर्ने 'मौलिक प्रतिबद्धता' र हर्मुज जलमार्ग निर्वाध सञ्चालन हुनुपर्ने मुख्य विषयमा सहमति खोजेको थियो। दुवै विषयमा तेहरान सकारात्मक बनेन। उसले युद्धमा भएको नोक्सानीको क्षतिपूर्ति दिनुपर्ने, हर्मुज जलमार्गमा आफ्नो एकाधिकार कायम हुनुपर्ने र लेबनानको हेजबुल्लाहमाथि इजरायलले गरिरहेको सैन्य कारबाही रोकी वार्तामा सहभागी गराउनुपर्ने जस्ता मागमा अडान लियो। कलिबाफले आफूले राखेका मागलाई जायज मान्नुभयो। "अमेरिकासँगको वार्ताको अनुभव सधैँ असफलता र भङ्ग गरिएका प्रतिबद्धतासँग जोडिएको छ," कलिबाफले भन्नुभयो। अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले भने वार्ताको परिणामप्रति आफूलाई खास चासो नभएको प्रतिक्रिया दिनुभयो। उहाँले युद्धमैदानमा अमेरिका पहिले नै विजयी भइसकेको दाबी गर्दै इरानी नेतृत्वलाई कमजोर पारिएको र सैन्य संरचनामा क्षति पुऱ्याइएको उल्लेख गर्नुभयो। "सम्झौता भए पनि नभए पनि फरक पर्दैन, हामीले जितिसकेका छौँ," उहाँले भन्नुभयो। पाकिस्तानका विदेशमन्त्री इसाक दारले शान्तिपूर्ण समाधानको विकल्प अझै खुला रहेको उल्लेख गर्दै दुवै देशलाई सकारात्मक भावनाका साथ वार्तामा संलग्न रहन आग्रह गर्नुभयो। उहाँले क्षेत्रीय मात्र नभई विश्वव्यापी स्थायित्वका लागि पनि युद्धविरामको प्रतिबद्धता कायम राख्नु अत्यन्त आवश्यक रहेको बताउनुभयो।

युद्ध सुरु भएसँगै इरानले हर्मुज जलमार्गमाथि नियन्त्रण कायम गर्दै विश्व तेल बजारमा प्रभाव पारेको छ। तेलको मूल्यवृद्धिले अमेरिकामा समेत राजनीतिक दबाब सिर्जना गरेको छ। अमेरिकी सेनाले हर्मुज जलमार्ग सुरक्षित बनाउने प्रयास गरिरहेको दाबी गरे पनि इरानले त्यस्तो कुनै गतिविधि स्वीकार गरेको छैन र हस्तक्षेप भए कडा जवाफ दिने चेतावनी दिएको छ। युद्धले विनाश निम्त्याउँछ, शान्ति ल्याउँदैन, विश्ववासीले दुःख पाउँछन् भन्ने थाहा हुँदाहुँदै पनि अमेरिका र इजरायल मिलेर एकाएक इरानमाथि सैन्य आक्रमण सुरु गरे। सुरुमै इरानका सर्वोच्च नेता आयतोल्लाह अली खामेनी, पत्नी, नातिनातिना, बुहारी, उच्च तहका नेता तथा उच्च सुरक्षा अधिकारीसहित ५० जनाभन्दा बढीको हत्या गरिएसँगै इरान प्रत्याक्रमणमा उत्रियो। ४० दिनसम्म भीषण युद्ध भयो। यस युद्धले आजको अन्तरनिर्भर विश्वमा गम्भीर सङ्कट ल्याएको छ। सारा विश्व प्रभावित भएको छ। यसले विश्व अर्थतन्त्रलाई नै चुनौती दिएको छ भने विश्ववासी प्रत्येक उपभोक्ताको भान्सासम्म महँगी र अभावको अवस्था सिर्जना गरेको छ। इन्धनको आपूर्ति सहज नहुँदा मूल्यवृद्धि र अभागको सामना गर्नु परेको छ। हवाई र सार्वजनिक यातायातको चर्को भाडा बढेको छ। उता विगत पाँच वर्षदेखि रुस र युक्रेनबिच पनि युद्ध जारी छन्। यसले पनि विश्व बजारलाई क्षति पुऱ्याएको छ। यो युद्ध साम्य नहुँदै अहिले अमेरिका-इजरायलको इरानसँगको युद्धले महासङ्कट नै ल्याएको छ। अमेरिका र इजरायलले संयुक्त रूपमा इरानविरुद्ध आक्रमण गरेसँगै चर्केको यस युद्धले सबैलाई चिन्तित बनाएको छ। यो युद्धको विधिसम्मत निकास निकालिएन र लम्बिँदै गयो भने विश्वशान्ति नै खतरामा पर्ने सम्भावना बढेको छ। यस युद्धले मानवीय दुर्घटना निम्त्याउने खतराबिच भएको अस्थायी युद्धविरामले सबैलाई क्षणिक भए पनि ठुलो राहतको अनुभव गरायो। यो अस्थायी युद्धविराम वार्ताबाट स्थायी युद्धविराममा परिणत होस् भन्ने चाहनालाई इस्लामावाद वार्ताले पूरा गर्न सकेन। पटक पटकको नरम चेतावनीलाई तेहरानले बेवास्ता गरेसँगै राष्ट्रपति ट्रम्पको इरानको सभ्यतालाई नै नष्ट गरिदिने कडा चेतावनीसहितको समयसीमा तोक्नुभयो। परिस्थिति भयावह हुने भएपछि पाकिस्तानले समयसीमा समाप्त हुनुभन्दा एक घण्टाअघि मात्रै अघिल्लो बुधबार बिहान दुई साताको अस्थायी युद्धविराम गर्न दुवै देशलाई मनायो। योसँगै तत्कालका लागि ठुलो विपत्ति टऱ्यो। परमाणु बमको बटन थिच्न तयार हुनुभएका ट्रम्प पछि हट्नुभयो।

यो युद्ध सुरु हुनुभन्दा अघि इरानको विवादास्पद आणविक कार्यक्रमलाई लिएर पछिल्ला दिनमा अमेरिका र इरानबिच विभिन्न चरणमा वार्ता भएका थिए। वार्ता भए पनि सहमति नहुने देखेपछि अमेरिका र इजरायलले इरानमाथि संयुक्त आक्रमण गरे। सुरुमा यो युद्ध धेरै दिन नलम्बिने अनुमान गरिएको थियो। सुरुमै नेतृत्व तहका अधिकांश नेताको हत्यासँगै इरानले हात उठाउने ठानिएको थियो तर इरान झन् आक्रामक बन्यो। त्यसलगत्तै तेहरानबाट प्रतिक्रियास्वरूप खाडी राष्ट्रहरू, अमेरिकी सैन्य अखडा र इजरायलमाथि जवाफी आक्रमण गरी क्षति पुऱ्याइयो। इरान समर्थित लेबनानको विद्रोही समूह हेजबुल्लाह र यमनको हुथी विद्रोही समूहले इजरायलमाथि आक्रमण गरेपछि लेबनान र यमन पनि द्वन्द्वमा तानिए। ४० दिनको यो युद्धले पश्चिम एसिया मात्र होइन, पूरै विश्वमै अस्थिरता र त्रास फैलायो। जनधनको ठुलो क्षति भयो। कच्चा तेलको मूल्य एकाएक बढेर प्रतिब्यारेल ११० डलरसम्म पुग्यो भने सेयर बजार ओरालो लाग्यो। दुई साताका लागि अस्थायी युद्धविराम भएसँगै क्षणिक भए पनि विश्वभरि नै ठुलो राहतको अनुभव गरियो। बमबारी रोकियो। बुधबारै कच्चा तेलको मूल्य प्रतिब्यारेल ९५ डलरमा झऱ्यो भने एसियाली बजारको सेयर बजारमा सुधार आयो। युद्धविराम गराउन चीन, टर्की र इजिप्टले पनि सहयोग गरे। संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेर्रेससहित विश्व नेताहरूले युद्धविरामको स्वागत गर्दै सबै पक्षलाई दीर्घकालीन शान्तिका लागि काम गर्न आह्वान गर्नुभयो।

इरान अमेरिकी प्रतिबन्ध हटाउने, हर्मुज जलमार्गमा आफ्नो प्रभुत्व स्वीकार गर्नुपर्ने र पश्चिम एसियाबाट अमेरिकी सेना फिर्ता गर्नुपर्ने मागबाट पछि हटेन। राष्ट्रपति ट्रम्पले भने कुनै पनि अन्तिम सम्झौतामा इरानको आणविक कार्यक्रम पूर्ण रूपमा नियन्त्रणमा ल्याइनुपर्ने, हर्मुज जलमार्ग बिनाअवरोध, बिनाशुल्क सञ्चालन हुन दिनुपर्ने, इरानले परमाणु हतियार नबनाउन प्रतिबद्ध हुनुपर्नेलगायत विषयको टुङ्गो लगाउन चाहनुभएको छ। उहाँल त इरानी अतिवादी सत्ता ढालेर पूर्ण लोकतान्त्रिक सरकार बनाउने, इरानी तेल र प्रशोधित युरेनियममाथि नियन्त्रण गर्ने चाहना पनि राख्नुभएको छ तर यो कार्य चाहे जस्तो सजिलो भएन। दुवै पक्षबिच मिलनविन्दु भेटिएन। यी समग्र विषय इस्लामावाद वार्तामा उठाइए। दुवै पक्ष आआफ्नै मागमा अडिग रहे। वार्ता वार्तामै सीमित भयो। समस्या समाधानतिर अघि बढेन। वार्ता असफल भएसँगै पुनः तनाव र त्रास बढेको छ।

इरानसँग अमेरिका र इजरायलको ४० दिनसम्म चलेको युद्धपछि हर्मुज जलमार्गको निर्वाध सञ्चालन सबैभन्दा पेचिलो विषय बनेको छ। रणनीतिक रूपमा अत्यन्तै महत्वपूर्ण यो जलमार्ग अवरुद्ध गर्ने इरानी क्षमता नै अहिले इरानको सबभन्दा ठुलो हतियार बनेको छ। सुरुमा भने यस युद्धलाई इरानमा सत्ता परिवर्तनको प्रयासका रूपमा हेरिएको थियो। यसका लागि महत्वपूर्ण अखडा तथा नेताहरूलाई लक्षित गर्दै भारी बमबारी गरिएको थियो। इरानले जवाफस्वरूप अमेरिकाका खाडी क्षेत्रका सहयोगीहरूमाथि क्षेप्यास्त्र र ड्रोन हमला गऱ्यो। युद्ध बढ्दै जाँदा उसले आफ्नो ध्यान फारसको खाडीलाई विश्व बजारसँग जोड्ने साँघुरो समुद्रीमार्ग (हर्मुज जलमार्ग) मा केन्द्रित गऱ्यो। यस कदमले हर्मुज जलमार्ग तेल र ग्यासको निर्बाध आपूर्तिमा निर्भर अमेरिका र उसका सहयोगीहरूमा तत्काल ठुलो दबाब सिर्जना गरेको छ। इस्लामिक रिभोल्युसनरी गार्ड कोर्प्स (आइआरजिसी) का अधिकारीहरूले यस महत्वपूर्ण मार्गमा नियन्त्रण कायम गर्नु परम्परागत सैन्य कारबाहीभन्दा बढी रणनीतिक फाइदा दिने दाबी गरेका छन्। विश्व ऊर्जा आपूर्ति जोखिममा पार्दै तेहरानले वासिङ्टनलाई आफ्नो रणनीतिमा पुनर्विचार गर्न बाध्य बनायो। अन्ततः युद्धविराम वार्ताको प्रमुख सर्तका रूपमा यस जलमार्गलाई पुनः खोल्नु र यसको सुरक्षा सुनिश्चित गर्नु सबैभन्दा ठुलो प्राथमिकताको विषय बन्यो। पहिले पनि आक्रमण गरिए हर्मुज जलमार्ग बन्द गर्ने धम्की इरानले दिँदै आएको थियो। यसअघि यसलाई पूर्ण रूपमा भने कहिल्यै पनि बन्द गरिएको थिएन। हर्मुज जलमार्ग इरानको निजी सम्पत्ति होइन। यो त अन्तर्राष्ट्रिय जलमार्ग हो। यसलाई कुनै पनि हिसाबले अवरुद्ध गर्न मिल्दैन। सन् १९८० देखि १९८८ सम्म भएको इरान-इराक युद्धका बेलामा समेत यो जलमार्ग बन्द भएको थिएन। अहिले केही इरानी कमान्डर र अधिकारीहरूले यस जलमार्गको नियन्त्रणमा भविष्यबारे छलफल गरिरहेका छन्। इरानको संसद्, विशेष गरी नेसनल

बाँकी तेस्रो पृष्ठमा

# अन्तर्राष्ट्रिय, मनोरञ्जन तथा खेलकुद समाचार

## सन् २०२५ मा नौ सय रोहिंग्या शरणार्थीको मृत्यु

***जेनेभा, वैशाख ४ गते ।***
सन् २०२५ मा समुद्री मार्गबाट भाग्ने क्रममा नौ सय रोहिंग्या शरणार्थीको मृत्यु भएको संयुक्त राष्ट्रसङ्घले जनाएको छ। सन् २०२५ मा अन्डमान सागर र बङ्गालको खाडीमा रोहिंग्या शरणार्थी वोकेका जहाजह दुर्घटना हुदाँ उनीहरुको मृत्यु भएको संयुक्त राष्ट्र शरणार्थी एजेन्सीका प्रवक्ता बाबर बलोचले जेनेभामा पत्रकार सम्मेलनमा बताउनु भएको छ ।



युएनएचसीआरको तथ्याङ्क अनुसार यो यस क्षेत्रका लागि सबैभन्दा घातक वर्ष सन् २०२५ रहेको उहाँले बताउनुभएको छ । उहाँले गत वर्ष खतरनाक समुद्री पार गर्ने प्रयास गरेका छ हजार ५०० भन्दा बढी रोहिंग्यामा हरेक सातमध्ये एक जना बेपत्ता भएको रिपोर्ट गरिएको उल्लेख गर्नु भएको छ । रोहिंग्याले हरेक वर्ष सहज जीवन यापनको खोजीमा खतरनाक समुद्री यात्रा गर्दा मानव बेचबिखन नेटवर्कद्वारा सञ्चालित डुङ्गामा यात्रा गर्ने गरेको जनाइएको छ ।

अधिकांश रोहिंग्या शरणार्थी अनुमति दिएपछि स्वेच्छिक, सम्मानजनक र सुरक्षितरुपमा म्यानमार फर्कन चाहेको उहाँले बताउनु भएको छ । यसैबिच, कोषको अभावले बङ्गलादेशमा मानवीय सहायतामा कमी आउदा शिविरमा असुरक्षा र शिक्षा र जीविकोपार्जनमा सीमित पहुँचले शरणार्थीलाई खतरर तिर धकेलेको उहाँले बताउनु भएको छ । युएनएचसीआरको तथ्याङ्क अनुसार हालैका वर्षमा त्यस्ता सिमा गर्ने प्रयास गर्नेमध्ये आधाभन्दा बढी महिला र बालबालिका थिए ।

केहि दिन अघि अन्डमान सागरमा करिब २८० रोहिंग्या शरणार्थी र बङ्गलादेशी आप्रवासी बोकेको डुङ्गा दुर्घटना भएको खबर सार्वजनिक भएको केही दिनपछि उहाँको टिप्पणी आएको हो । बङ्गलादेशी अधिकारीले नौ जनालाई उद्धार गरिएको बताएका छन् । जहाज दुर्घटना हुँदा "अनुमानित २५० जना बेपत्ता" भएको उहाँले बताउनु भएको छ ।

## फिलिपिन्समा गोली हानाहान, दश जनाको मृत्यु

***मनिला, चैत ४ गते ।***
फिलिपिन्सको सुरक्षा बलले आफूलाई पक्राउ गर्ने प्रयासको प्रतिक्रिया गर्दा १० जना सशस्त्र इस्लामवादी उग्रवादीको हत्या गरेको प्रहरीले जनाएको छ । मुख्यतया क्याथोलिक मुस्लिम बाहुल्याता भएको दक्षिणमा प्रहरी र सैनिकसँगको गोलीबारी भएको थियो । मृतक मध्ये मौटे-दौला इस्लामिया नामक सशस्त्र समूहका नेता आमेरोल मङ्गोरान्का पनि रहेको क्षेत्रीय प्रहरी रिपोर्ट गरेको छ । समूहले विद्रोही नेताकी श्रीमती र अन्य तीन महिलासहितको समूहसँग एक घण्टा लामो गोलीबारी भएको जनाइएको छ । कुनै हताहत नभएको बन्दुक र विस्फोटक पदार्थ बरामद गरेको सेनाले जनाएको छ । फिलिपिन्स सेनाको पहिलो इन्फेन्ट्री डिभिजनको रिपोर्टमा जनवरीमा चार जना सैनिकको ज्यान गएको



र एक जना घाइते भएको घटनाको पछाडि यो समूह जिमेवार रहेको आशङ्का गरिएको छ । मारिएका बन्दुकधारी "मारावी घेराबन्दी र वर्षौंको हिंसाका लागि जिम्मेवार सञ्जालका रहेको, सैन्य एकाईका कमान्डर मेजर-जनरल येगोर बारोकिलोले विज्ञप्तिमार्फत पुष्टि गर्नु भएको छ ।

सन् २०१७ मे सयौ फिलिपिनो मुस्लिम लडाकु साथै विदेशी लडाकु मारावीको मिन्डानाओ सहर कब्जा गर्न सेनामा सामेल भएको जनाइएको छ । सरकारी फौजले गरेको रक्तपातपूर्ण घेराबन्दीको पाँच महिना पछि एक हजारभन्दा बढीको ज्यान गुमेको छ भने उग्रवादी समूहका वरिष्ठ नेता मारिका छन् ।

## कमजोर...

सेक्युरिटी काउन्सिलले त्यहाँबाट पार हुने जहाजहरूमा चर्को कर लगाउने प्रस्ताव गरेको छ । इरानले यही करबाट ठुलो रकम जम्मा गर्ने सपना देखन थालेको छ । आइआरजिसीका पूर्वप्रमुख तथा नयाँ सर्वोच्च नेता मोज्तबा खामेनीका सल्लाहकार मोहसिन रजाईका अनुसार इरानी सेना पूर्ण रूपमा सतर्क छन्। सेनाका औँला ट्रिगरमा छन् । जितका दाबीहरू पछाडि वास्तविकता भने धेरै कमजोर छ। यस युद्धमा इरानी सेनाले ठुलो क्षति बेहोरेको छ । अमेरिकी नेतृत्वका प्रतिबन्धले पहिल्यै दबाबमा परेको इरानको अर्थतन्त्र अझ कमजोर बनेको छ। भौतिक संरचनामा समेत ठुलो क्षति बेहोरेको इरानको विकास यो युद्धले दुई दशकपछि धकेलिएको छ। इरानी सत्ता निकै निरङ्कुश छ । गएको डिसेम्बर २८ देखि सत्ता परिवर्तनका लागि इरानी जनताले गरेको सङ्घर्ष क्रूरतापूर्वक दमन गरियो। हजारौं प्रदर्शनकारी मारिए । हजारौं प्रदर्शनकारीलाई जेल र चरम यातना दिइएको छ। सङ्घर्षकै क्रममा जासुसी गरेको आरोपमा १३ जनालाई मृत्युदण्ड दियो। गत वर्ष मात्र १६ सयभन्दा बढी इरानीलाई मृत्युदण्ड दिएको थियो। अमेरिकाका राष्ट्रपति ट्रम्पले इरानी जनताको सङ्घर्षलाई साथ दिँदै सैन्य कारबाही गर्नासाथ इरानी सत्ता ढल्ने अनुमान गर्नुभएको थियो। उहाँले सैन्य कारबाही सुरु गर्दै इरानी जनतालाई आफ्नो सत्ता हातमा लिन आह्वान पनि गर्नुभएको थियो तर चर्को दमनका कारण इरानी जनताले आन्दोलनलाई निरन्तरता दिन सकेनन्, जसले गर्दा कट्टरवादीहरूको मनोबल बढ्यो। इरानी जनतामाथि मात्र होइन नयाँ नयाँ माग र अवरोध तेर्स्याएर विश्ववासीलाई नै तड्पाउने र दुःख दिने काम गरेका छन् ।
अहिलेका लागि सबैभन्दा ठुलो चुनौती नै हर्मुज जलमार्ग बिनाअवरोध सुचारु गर्नु रहेको छ । अमेरिकाको मुख्य माग नै यही छ । हर्मुज जलमार्ग अन्तर्राष्ट्रिय समुद्री कानुन तथा संयुक्त राष्ट्रसङ्घ समुद्री कानुन सन्धि ( युएनसिएलओएस) अन्तर्गत सञ्चालन हुन्छ, जसको उद्देश्य नागरिक समुद्री यातायातको सुरक्षित आवागमन सुनिश्चित गर्नु हो । समुद्री आवागमनको स्वतन्त्रता अमेरिका र उसका साझेदारहरूको आधारभूत सिद्धान्त हो। यदि यो जलमार्गमा इरानको नियन्त्रण र निगरानी कायम रहिरहने अवस्था बन्यो भने उसका लागि यो ठुलो रणनीतिक र प्रतीकात्मक जित हुने छ ।

## बारामा सीमा...

सुरक्षा व्यवस्था कायम गर्न माग गरेका छन्।
सीमामा कडाइको दाबी भइरहँदा यस्ता घटनाले सरकारी प्रतिबद्धतामाथि नै प्रश्न उठाएको स्थानीयको भनाइ छ। जिम्मेवार प्रहरीले यसबारे अनभिज्ञता प्रकट गरेको प्रतिक्रिया दिए।

## अनियन्त्रित ...

तथा स्थानीय सीपमा आधारित उद्यममा केन्द्रित गरिने नीति पनि मस्यौदामा समेटिएको छ। सहकारीको नियमन संघीय सरकारले निर्धारण गर्ने र प्रदेश तथा स्थानीय तहले दर्ता, अभिलेख तथा सुशासन कार्यान्वयनमा भूमिका खेल्ने व्यवस्था गरिनेछ। यससँगै सहकारी दर्ता, प्रतिवेदन, अनुगमन तथा सूचना प्रणालीलाई पूर्ण रूपमा डिजिटल बनाउने योजना रहेको छ, जसले आर्थिक अपचलन छिट्टै पत्ता लगाउन मद्दत गर्ने अपेक्षा गरिएको छ। सहकारीलाई व्यावसायिक बनाउँदै ब्रान्डिङ, गुणस्तर प्रमाणीकरण र ई-कमर्समार्फत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारसम्म पहुँच विस्तार गर्ने लक्ष्यसमेत सरकारको रहेको छ। साथै युवा, महिला, श्रमिक तथा सीमान्तकृत समुदायलाई लक्षित गर्दै सहकारीमार्फत रोजगारी र स्वरोजगारी सिर्जना गर्ने नीति पनि अघि सारिएको छ।

## भन्सार ...

दुरुपयोग गर्दै अवैध सामान ओसारपसारमा सहयोग गरेको निष्कर्ष निकालेको छ। दुवैलाई सहयोगी (मतियार) को हैसियतमा मुख्य अभियुक्तलाई तोकिने सजायको आधा सजाय माग गरिएको छ।
त्यसैगरी, अपराध पीडित संरक्षण ऐनअनुसार क्षतिपूर्ति असुलीको मागसमेत गरिएको छ। राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ अनुसार दायर गरिएको यो मुद्दा चैत ३० गते अदालतमा दर्ता भएको कार्यालयले जनाएको छ।
राजस्व अनुसन्धान निकायले यस्ता अवैध कारोबार नियन्त्रणका लागि निगरानी र कारबाही थप सशक्त बनाउने जनाएको छ।

## पथलैयास्थित ...

मूल्याङ्कन गर्न सम्बन्धित निकायसँग समन्वय भइरहेको प्रहरीले जनाएको छ।
यस घटनापछि सरकारी कार्यालयहरूमा विद्युत् सुरक्षा प्रणाली र आगलागी नियन्त्रण तयारीको अवस्था कस्तो छ भन्ने विषयमा समेत प्रश्न उठ्न थालेको छ।

## जेनजी...

काम अगाडि बढाइरहेको छ। साथै, भविष्यमा यस्ता घटनाहरू दोहोरिन नदिन भीड व्यवस्थापन, सुरक्षा परिचालन र आदेश-पालन प्रणालीमा सुधार गर्ने तयारीसमेत गरिएको बताइएको छ।
आयोगले सार्वजनिक गरेको सुझावमा बल प्रयोगलाई अन्तिम विकल्पका रूपमा मात्र प्रयोग गर्नुपर्ने, घटनास्थलमा स्पष्ट कमाण्ड संरचना हुनुपर्ने तथा नागरिक सुरक्षालाई प्राथमिकतामा राखेर निर्णय लिनुपर्ने कुरामा विशेष जोड दिइएको छ।

## भन्सार ...

क्षेत्रमा गरिएको कडाइका कारण स्थानीय नागरिकमा असन्तोष बढ्दै गएको उल्लेख गर्दै समूहले तत्काल नीतिगत पुनरावलोकनको माग गरेको छ।
माग सम्बोधन नभए चरणबद्ध आन्दोलन गर्ने र आवश्यक परे नाका बन्दसम्मका कार्यक्रम घोषणा गर्ने चेतावनीसमेत दिइएको छ। ध्यानाकर्षण पत्रको बोधार्थ प्रधानमन्त्री कार्यालय, अर्थ मन्त्रालय र गृह मन्त्रालयमा समेत पठाइएको जनाइएको छ।

## भारतीय ...


बालमैत्री शौचालयको व्यवस्था गरिनेछ।
कार्यक्रममा बोल्दै मिनाले विद्यार्थीहरूका लागि प्रभावकारी शिक्षण सुविधा तथा अनुकूल शैक्षिक वातावरण सिर्जना गर्नु भारत सरकारको प्रमुख लक्ष्य रहेको उल्लेख गर्नुभयो। उहाँका अनुसार शिक्षा क्षेत्रमा लगानी गर्दै दीर्घकालीन मानव विकासमा टेवा पुऱ्याउने उद्देश्यले यस्ता परियोजना सञ्चालन गरिएका हुन्।
यसअघि पनि भारत सरकारको सहयोगमा मुखियापट्टी मुसहरनिया गाउँपालिकास्थित श्री वैद्यनाथ देवनारायण जनता माध्यमिक विद्यालयमा करिब चार करोड रुपैयाँ लागतमा भवन निर्माण सम्पन्न भइसकेको छ।
भारत-नेपाल विकास साझेदारीअन्तर्गत सञ्चालन भइरहेका यस्ता परियोजनाहरू विद्यालय, स्वास्थ्य संस्था, सडक तथा पुल, जल निकास, नदी तटबन्ध व्यवस्थापनजस्ता पूर्वाधार विकासमा केन्द्रित छन्। साथै, मधेश प्रदेशमा एम्बुलेन्स र स्कूल बससमेत सहयोगस्वरूप प्रदान गरिएको जनाइएको छ।

## जनकपुर ...


करोड रुपैयाँ बराबरको क्षति भएको प्रारम्भिक अनुमान गरिएको छ। आगोले उद्योगका स्टिम र थर्मोफुलसहित दुईवटा प्रशोधन मेसिनमा गम्भीर क्षति पुऱ्याएको छ।
त्यसैगरी, कच्चा पदार्थ र तयार गरिएका तेल पूर्ण रूपमा जलेर नष्ट भएको बताइएको छ। आगलागीको कारण भने हालसम्म खुल्न सकेको छैन। घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

## ठमेलमा ...


लगाइएको छ। ठमेल क्षेत्रमा पछिल्लो समय यस्ता गतिविधिबारे उजुरी बढ्दै गएपछि प्रहरीले निगरानी र नियन्त्रण कडा पारेको बताइएको छ। यसअघि पनि सोही प्रकृतिका घटनामा संलग्न अन्य विदेशी नागरिकहरूलाई कारबाही गरी निष्कासन गरिएको थियो।
प्रहरीले पर्यटकीय क्षेत्रको छवि र शान्ति-सुरक्षा कायम राख्न गैरकानुनी गतिविधिमा संलग्न जोसुकैलाई कानुनी दायरामा ल्याइने चेतावनी दिएको छ।

तातो हावा वा लू बाट बच्ने उपायहरु

- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।


कलैया उपमहानगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु

- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

महागढीमाई नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु

- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

निजगढ नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु

- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

जीतपुरसिमरा उपमहानगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

# जेनजी आन्दोलनमा बल प्रयोग प्रकरण : कार्की आयोगको सिफारिसपछि उच्च तहमा कारबाही अघि बढाइयो

***४ बैशाख, काठमाडौं –***
२३ भदौमा भएको जेनजी आन्दोलनका क्रममा भएको बल प्रयोग, नियन्त्रणमा देखिएको कमजोरी र जिम्मेवारीमा हेलचेक्र्याइँका विषयमा कार्की आयोगको प्रतिवेदनपछि कारबाही प्रक्रिया अघि बढाइएको छ।

आयोगले गरेको विस्तृत छानबिनमा आन्दोलनका क्रममा भीड नियन्त्रण गर्ने क्रममा अनावश्यक वा असन्तुलित बल प्रयोग भएको, साथै घटनास्थलमा खटिएका जिम्मेवार निकायहरूले परिस्थितिलाई समयमै नियन्त्रणमा लिन पर्याप्त पहल नगरेको निष्कर्ष निकालिएको बताइएको छ।

प्रतिवेदनमा सुरक्षा व्यवस्थापनमा समन्वय अभाव, निर्णय प्रक्रियामा ढिलाइ र घटनालाई रोक्नुपर्ने समयमा प्रभावकारी नेतृत्वको कमी देखिएको उल्लेख गरिएको छ।



आयोगले यस्ता कमजोरीका कारण अवस्था थप तनावपूर्ण बनेको र मानव अधिकार तथा सार्वजनिक सुरक्षामा समेत असर परेको निष्कर्षसहित जिम्मेवार पक्षमाथि कारबाही सिफारिस गरेको जनाइएको छ।

कार्की आयोगको सिफारिस कार्यान्वयन गर्ने निर्णय बालेन शाह नेतृत्वको मन्त्रिपरिषद्ले गरेपछि सम्बन्धित अधिकारीहरूलाई पक्राउ गरी आवश्यक कानुनी प्रक्रिया अघि बढाइएको छ। स्रोतका अनुसार पक्राउ परेकामाथि प्रारम्भिक बयान र अनुसन्धान प्रक्रिया अघि बढाइएको छ।

सरकारले आयोगको प्रतिवेदनलाई आधार बनाएर घटनामा संलग्न तथा जिम्मेवार देखिएका व्यक्तिहरूको भूमिका स्पष्ट पार्ने

बाँकी तेस्रो पृष्ठमा

# सर्वोच्चको फैसला : गगन थापा नेतृत्वको कार्यसमिति वैधानिक ठहर

***४ बैशाख, काठमाडौं –***
सर्वोच्च अदालतले विशेष महाधिवेशनबाट चयन भएको गगन थापा नेतृत्वको केन्द्रीय कार्यसमितिलाई वैधानिकता प्रदान गरेको छ। अदालतको यस निर्णयसँगै उक्त कार्यसमितिको आधिकारिकता कायम भएको छ।

शुक्रबार न्यायाधीश सारंगा सुवेदी र नृपध्वज निरौलाको इजलासले निर्वाचन आयोगले दिएको मान्यतालाई सदर गर्दै विशेष महाधिवेशनलाई कानुनी रूपमा वैध ठहर गरेको हो।

सर्वोच्चले पूर्व सभापति शेरबहादुर देउवा र नेता पूर्णबहादुर खड्काले दायर गरेको रिट निवेदन खारेज गरेको छ। उनीहरूले निर्वाचन आयोग, गगन थापा र उपसभापति विश्वप्रकाश शर्मासहितलाई विपक्षी




बनाउँदै विशेष महाधिवेशनको वैधानिकतामाथि प्रश्न उठाएका थिए।

गत पुसमा सम्पन्न विशेष महाधिवेशनलाई निर्वाचन आयोगले मान्यता दिएपछि त्यसविरुद्ध देउवा र खड्का सर्वोच्च अदालत पुगेका थिए। उक्त रिटमाथि बिहीबारदेखि सुनुवाइ सुरु भई शुक्रबार अन्तिम फैसला आएको हो।

यसअघि प्रारम्भिक सुनुवाइका क्रममा माघ ६ गते न्यायाधीश सुनिलकुमार पोखरेलले अन्तरिम आदेश दिन अस्वीकार गर्दै मुद्दालाई नियमित प्रक्रियामा अगाडि बढाउने निर्णय गरेका थिए।

सर्वोच्चको पछिल्लो फैसलासँगै विशेष महाधिवेशनबाट चयन भएको नेतृत्वलाई कानुनी आधार प्राप्त भएको छ।

# भारतीय सहयोगमा धनुषामा ४ करोडको आधुनिक विद्यालय भवन शिलान्यास

***कैलाश दास-***
***जनकपुरधाम, बैशाख ४ –***
वीरगञ्जस्थित भारतीय महावाणिज्यदूत देवी सहाय 'मिना'ले धनुषाको बटेश्वर गाउँपालिका–३ मा अवस्थित श्री जनशक्ति माध्यमिक विद्यालयमा करिब चार करोड रुपैयाँ लागतमा निर्माण हुने चारतले आधुनिक विद्यालय भवनको शिलान्यास गर्नुभएको छ।

करीब दुई विघा क्षेत्रफलमा फैलिएको विद्यालय परिसरभित्र निर्माण हुने उक्त भवनले स्थानीय विद्यार्थीलाई आधुनिक र गुणस्तरीय शिक्षण वातावरण प्रदान गर्ने विश्वास गरिएको छ।

गाउँपालिकाका अध्यक्ष रामअशिष महतोको अध्यक्षतामा सम्पन्न कार्यक्रममा बोल्दै महावाणिज्यदूत



मिनाले भारत–नेपाल विकास साझेदारी अन्तर्गत मधेश प्रदेशमा ८९ वटा 'उच्च प्रभाव सामुदायिक विकास परियोजना (एचआईसीडीपी)' स्वीकृत भइसकेको जानकारी दिनुभयो। तीमध्ये धनुषा जिल्लामा मात्रै २१ वटा परियोजना सञ्चालनमा रहेका छन्। यसअघि तीमध्ये १३ वटा विद्यालय भवन निर्माण सम्पन्न भइसकेका छन्।

निर्माणाधीन नयाँ भवनमा रसायनशास्त्र, भौतिकशास्त्र तथा कम्प्युटर प्रयोगशाला, पुस्तकालय, शिक्षक तथा कर्मचारी कक्ष, प्रधानाध्यापक कक्ष, बैठक कक्ष तथा

बाँकी तेस्रो पृष्ठमा

# भन्सार कडाइविरुद्ध "जेन जि पर्सा"को आपत्ति, आन्दोलनको चेतावनी

४ बैशाख, वीरगञ्ज, पर्सा –
वीरगञ्जसहित सीमावर्ती क्षेत्रमा भन्सार कडाइका नाममा १०० रुपैयाँभन्दा बढी मूल्यका सामानमा कर लगाइएको व्यवस्थाविरुद्ध 'जेन जि पर्सा'ले असन्तुष्टि जनाउँदै जिल्ला प्रशासन कार्यालय पर्सामा ध्यानाकर्षण पत्र बुझाएको छ।

संयोजक महादेव कुर्मीमार्फत प्रमुख जिल्ला अधिकारीलाई बुझाइएको उक्त पत्रमा नेपाल–भारतबीचको ऐतिहासिक 'रोटी–बेटी' सम्बन्ध स्मरण गर्दै हालको कडाइले सीमावर्ती नागरिकको दैनिक जीवन र जीविकोपार्जनमा गम्भीर असर परेको उल्लेख गरिएको छ।

समूहले खुला सीमामा बसोबास गर्ने नागरिकले घरायसी प्रयोजनका




लागि सस्तो मूल्यका दैनिक उपभोग्य वस्तु ल्याउँदा समेत भन्सार तिर्नुपर्ने व्यवस्था अन्यायपूर्ण भएको दाबी गर्दै तत्काल खारेज गर्न माग गरेको छ। साथै, तस्करी नियन्त्रणको नाममा सर्वसाधारणमाथि अनावश्यक कडाइ र हैरानी बढाइएको आरोपसमेत लगाइएको छ।

पत्रमा वीरगञ्ज देशकै प्रमुख राजस्व संकलन केन्द्र भए पनि विकास र सेवा–सुविधामा पछि पारिएको गुनासो पनि समेटिएको छ। भन्सार

बाँकी तेस्रो पृष्ठमा

# जनकपुर रिफाइनरी उद्योगमा भीषण आगलागी, करिब १५ करोड क्षति अनुमान

४ बैशाख, ढल्केबर,
धनुषा – मिथिला नगरपालिका–७ ढल्केबरस्थित जनकपुर रिफाइनरी इण्डष्ट्रिजमा बिहीबार राति भीषण आगलागी भएको छ। आगलागी नियन्त्रण गर्न झण्डै तीन घण्टा समय लागेको प्रहरीले जनाएको छ।

आगो निभाउन जनकपुर, महेन्द्रनगर र ढल्केबरबाट पाँचवटा वारुणयन्त्र परिचालन गरिएको थियो। नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र नेपाली सेनाको संयुक्त प्रयासपछि आगो नियन्त्रणमा



आएको इलाका प्रहरी कार्यालय ढल्केबरका प्रहरी निरीक्षक लक्ष्मण केसीले जानकारी दिए।

उद्योगका प्रबन्धक सञ्जय गुप्ताका अनुसार आगलागीबाट करिब १५

बाँकी तेस्रो पृष्ठमा

# ठमेलमा गैरकानुनी गतिविधिमा संलग्न २० विदेशी महिला निष्कासन, एक वर्ष प्रवेश रोक

४ बैशाख,काठमाडौं –
राजधानीको ठमेल क्षेत्रमा गैरकानुनी गतिविधिमा संलग्न रहेको आरोपमा पक्राउ परेका २० जना युगाण्डाका महिलालाई सरकारले नेपालबाट निष्कासन (डिपोर्ट) गरेको छ। उनीहरूलाई एक वर्षसम्म नेपाल प्रवेशमा प्रतिबन्धसमेत लगाइएको छ।

प्रहरीका अनुसार गत चैत ११ गते ठमेलको फायरचोक आसपासबाट उनीहरूलाई नियन्त्रणमा लिइएको थियो। सार्वजनिक स्थानमा सर्वसाधारण तथा पर्यटकलाई असहज हुने गरी गतिविधि गरेको र भिसाको उद्देश्य विपरीत काममा संलग्न रहेको आरोप उनीहरूमाथि





लागेको थियो।


उनीहरूविरुद्ध प्रहरी वृत्त सोह्रखुट्टेले अभद्र व्यवहारसम्बन्धी मुद्दा दायर गरेको थियो। जिल्ला प्रशासन कार्यालय काठमाडौंले जनही १० हजार रुपैयाँ धरौटीमा रिहा गर्न आदेश दिएपछि थप प्रक्रिया अध्यागमन विभागमार्फत अघि बढाइएको हो।

अध्यागमन विभागले उनीहरूको गतिविधि भिसा शर्तविपरीत भएको ठहर गर्दै नेपालबाट निष्कासन गर्ने निर्णय गरेको जनाएको छ। साथै, उनीहरूलाई निश्चित अवधिका लागि नेपाल प्रवेशमा रोकसमेत

बाँकी तेस्रो पृष्ठमा


तातो हावा वा लू बाट बच्ने उपायहरु

हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।
परवानीपुर गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु

हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।
करैयामाई गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु

हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।
प्रसौनी गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु

हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।
सुवर्ण गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु

हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।
फेटा गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।